INTEGRITY IDOL NEPAL 2014

# Integrity Idol Nepal 2014

## बिजयी तथा उत्कृष्ट ४ सरकारी कर्मचारीको संक्षिप्त विवरण

जवाफदेहीता र पारदर्शिताको क्षेत्रमा कार्यरत सामाजिक संस्था Accountability Lab ले सरकारी सेवामा रही निष्ठा तथा ईमान्दारीताकासाथ उत्तरदायिपूर्ण तरिकाले जिम्मेवारी निर्वाह गर्ने एकजना सरकारी कर्मचारीलाई राष्ट्रिय सम्मान गर्ने अभियान हो । सन २०१४ बाट सुरु गरिएको यस अभियानको पहिलो संस्करण यहि पौष २७ गते एक सार्वजनिक कार्यक्रमका बिच सम्पन्न भयो ।

आम नागरिकको मानसिकतामा सरकारी कर्मचारीबारे नकारात्मक छाप परेको छ । तर यही संयन्त्रभित्र केही यस्ता कर्मचारी छन्, जो व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर जनताको सेवामा तल्लिन छन् । कर्मचारीतन्त्रमा परिवर्तनको अपेक्षा सबैले गरेकाछन् । तर हामीलाई लाग्छ, नराम्रो आचरणका कर्मचारीलाई दण्ड सजाय दिएर मात्र परिवर्तन सम्भव छैन, राम्रालाई सम्मान र प्रोत्साहन गर्न जरुरी छ ।

उत्कृष्ट कर्मचारीलाई सम्मान गर्ने कार्यको सुरुवात, बहालवाला कर्मचारी स्वयं अथवा सेवाग्राहिले आफुलाई उत्कृष्ट लागेको कर्मचारीलाइ मनोनयन गर्ने गरि सुरु गरियो । सम्मानका लागि स्थानीय निकायका कर्मचारीदेखि शिक्षण, चिकित्सा, वकालत, इन्जिनियरिङ्ग लगायतका कुनै पनि सरकारी क्षेत्रमा संलग्न व्यक्तिलाई प्रस्ताव गर्न सकिने र प्रस्तावित व्यक्ति नेपाली नागरिक हुनुपर्ने, पूर्णतया सरकारी मातहतमा रहेर कम्तिमा पाँच वर्ष सेवा गरेको, भ्रष्टाचार लगायत पदीय दुरुपयोगको अभियोग नलागेको अनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा अन्य कुनै पनि नियमनकारी निकायको कारवाहीमा नपरेको र समग्रमा सम्मानका लागि प्रस्तावित व्यक्तिले सरकारले प्रदान गरेको अधिकारको दायरामा रही इमान्दारितापूर्वक आफ्नो कर्तव्य तथा दायित्वहरु पूरा गरेको हुनुपर्ने जस्ता न्युनतम मापदण्ड राखिएको थियो । विभिन्न चरणको छनौट प्रकृया पार गरि चुनिनुभएका उत्कृष्ट पाँच राष्ट्रसेवकहरुको विचार र कार्यशैली तथा उपलब्धिहरु समेटिएको दृश्य सामग्री राष्ट्रिय टेलिभिजनबाट प्रसारण गरि सर्वोत्कृष्ट एक छनौट गर्ने जिम्मेवारि पुनः एकपटक आम नागरिकलाई दिइयो, जसमा विभिन्न माध्यमहरु (SMS, Facebook, Email, Post-Box, You Tube) बाट आफुलाई उत्कृष्ट एक कर्मचारिलाई भोट गर्न सकिन्थ्यो । सर्वोत्कृष्ट एकको छनौट प्रक्रिया अझ निश्पक्ष, प्रभावकारी, पारदर्शी, तथ्यपरक र विश्वासिलो होस भन्नका लागि एक स्वतन्त्र निर्णायक मण्डल गठन गरियो, जसमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका भुतपूर्व प्रमुख आयुक्त सुर्यनाथ उपाध्याय, त्रिभुवन विश्वविद्यालयका भुतपूर्व उपकुलपति तथा जापानका लागि नेपाली राजदुत भईसक्नुभएका केदारभक्त माथेमा, माईती नेपालकी अध्यक्ष तथा CNN HERO अनुराधा कोईराला, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका अध्यक्ष भरतबहादुर थापा, तथा काठमाण्डौ लिभिङ्ग ल्याब्सका कार्यकारी निर्देशक नमराज बुढाथोकी हुनुहुन्थ्यो ।

यसरी छनौटका बिभिन्न चरण पार गर्दै यो अभियान सम्मान कार्यक्रम सम्म पुग्यो । नेपाल सरकारका मुख्य सचिव श्री लीलामणी पौड्याल ज्यूको समुपस्थितीमा एक सर्वोतकृष्ट राष्ट्रसेवकलाई सम्मान वितरण गरियो । यस अभियानका बिजेता, Integrity Idol Nepal २०१४ तथा उत्कृष्ट पाँचको संक्षिप्त विवरण निम्नानुसार छ ।

Integrity Idol Nepal २०१४, **बिजेता ज्ञानमणी नेपाल, जिल्ला शिक्षा अधिकारि पाँचथर,**



पद्तीको सुरुवात गर्यो भने असम्भव भन्नेकुरा केहीछैन भन्ने उदाहरण पाँचथरका जिल्ला शिक्षा अधीकारी ज्ञानमणी नेपालले दिनुभएकोछ । जव वहाँ प्रथम पटक जिल्ला शिक्षा अधीकारीको जिम्मेवारी बोकेर आउनुभयो, जिल्लाको बिद्यार्थी उतीर्ण प्रतीशत १४ मात्र थियो । यसले प्रष्ट्याउछ, त्यहाँको शैक्षीक अवस्था कस्तो थियो ? त्यसपछी उहाँलेसुरुवात गर्नुभयो शिक्षामा प्रविधिको प्रयोग । मोबाईल बोकेर गाउँले लवाईमा स्कुल निरक्षणमा निस्कीन थाल्नुभयो । प्रत्येक बिद्यालयमा उहाँ पहीले कक्षामा पुग्नुहुन्छ, बिद्यार्थीका समस्या सुन्नुहुन्छ, कालोपाटीमा आफ्नो मोबाईल नम्बर दिनुहुन्छ र बिद्यार्थीलाई आग्रह गर्नुहुन्छ, यदि कुनै शिक्षक अनुपस्थित भए अथवा पढाएको चित्त बुझेन भने घर गएर आमा बुवाको मोबाईलबाट फोन गरेर जानकारी गराउनु । सुरुसुरुमा उहाँको कदमको बिरोध गर्ने थुप्रै थिए, यहाँ सम्म की शिक्षकहरुले समेत बिरोध स्वरुप आफ्ना नानीहरुलाई निजि बिद्यालयमा भर्ना गरे तर आज समय बदलियो, निजि बिद्यालयबाट सामुदायीक बिद्यालयमा नानीहरु भर्ना गर्नेको संख्या बढ्दैछ । बिद्यालय अनि विद्यार्थीहरुलाई अनुशासित अनि नियमित बनाउने कार्यमा निरन्तर सफलता मिलिरहेको छ । समाज, आमसञ्चार जगत, राजनितिक दलहरु लगायत अन्य विभिन्न क्षेत्रबाट सहयोग पाईरहँदा वहाँ विद्यालय अनि विद्यार्थीहरुलाई शान्तिक्षेत्र बनाउने अभियानमा सक्रिय हुनुहुन्छ । गत बर्ष लगभग ८५ दिन जिल्ला बन्द हुँदा जम्मा ४ दिन मात्र विद्यालयहरु बन्द भए, जसलाई ठूलो उपलब्धीको रुपमा लिंदै नेपाल, राजनितिक दलहरुको सहयोगमा विद्यालयलाई बन्द र राजनितिक कार्यक्रम मुक्त क्षेत्र घोषणा गर्न प्रयासरत हुनुहुन्छ । वहाँको कार्यकुशलताको कदरस्वरुप नेपाल सरकार बाट वि.सं. २०४९ र २०६६ गरि दुई पटक राष्ट्रिय शिक्षा पुरस्कार पाउनुभएका नेपाल, कान्तिपुर बर्ष ब्यक्ति २०१४ को उत्कृष्ट ४ मा पर्न सफल हुनुभएको थियो ।

जिशिअका रूपमा वहाँको यो पहिलो नियुक्ति भए पनि शिक्षाका विभिन्न विभागमा बसेर वहाँले १६ वर्ष काम गरिसक्नुभएको छ । देशका दुर्गम जिल्लाहरू कालिकोट र दैलेखमा काम गर्दा शिक्षाको बेहाल देख्नुभएका वहाँले शिक्षा सेवा आयोग र पाठ्यक्रम विकास केन्द्रमा काम गर्दा शिक्षाको सुधारका लागि राज्यले गरेको अर्बौंको लगानी देख्नुभएको छ । ***"गरिबहरूले तिरेको करबाट हामी तलब खान्छौं, हामीले पाउने तलबमा लाससँग साटेर ल्याईएको रेमिट्यान्सको अंश छ, दैनीक १५०० भन्दा बढि नेपाली कामदार अशुरक्षित कामका लागि बिदेशिनु अनि दैनिक ३ देखि ५ ओटाको संख्यामा तिनै नेपाली लास भएर फर्कनुमा हाम्रो शिक्षा प्रणाली जिम्मेवार छ, र जि.शि.अ. का हैसियतले यसलाई सुधार्न प्रयास गर्नु मेरो जिम्मेवारि हो"*** भन्छन जि.शि.अ. नेपाल । उनको यहि भनाई बाटै प्रष्ट हुन्छ कामप्रतिको उनको जिम्मेवारिबोध । सबै क्षेत्रमा राजनितिको उल्लेख्य प्रभाव परिरहेका बेला शिक्षा क्षेत्र पनि राजनितिक प्रभावबाट मुक्त छैन, त्यसैले उनले ठम्याए शिक्षक संगठनहरुलाई जिम्मेवार बनाउन राजनितिक पार्टीहरुको प्रतिबद्धता चाहिन्छ भन्ने, अनि बताए सार्वजनिक शिक्षाको बेथिती जिल्लामा । यति गर्दा त करै लाग्यो राजनितिक दललाई उनका कुरा मान्न अनि सुरु भयो विद्यालयलाई शान्तिक्षेत्र बनाउने अभियान, जुन अहिले उत्कर्षमा छ । जिशिअ नेपालले जिल्ला शिक्षा कार्यालयले तयार पारेको शैक्षिक बुलेटिन सार्वजनिक गरेका छन्, धेरै ठाउँमा बाँडेका छन्, जसमा प्रत्येक विद्यालयलाई कुन-कुन शीर्षकमा के-कति रकम आएको छ भनेर स्पष्ट खुलाइएको छ । सबै कुरा पारदर्शी भएपछि दुरुपयोग गर्ने निरुत्साही हुन्छन् भन्ने उनको ठम्याइ छ । प्रत्येक विद्यालय र विद्यालयसँग काम गर्ने पक्षलाई उनले भनेका छन्- "कसैले कसैलाई पैसा दिनु पर्दैन । विद्यालयको एक पैसा पनि तलमाथि भयो भने म छाड्दिन ।"

विद्यालयमा लग बुक र वर्क बुकको प्रयोग गरेकाछन् जसका कारण कक्षामा शिक्षक कति समय वस्छन्, के पढाउछन् आदि सम्पूर्ण कुराको लेखाजोखा हुने गर्दछ । प्रभावकारी शिक्षण गर्न नसक्ने शिक्षकहरुलाई राजीनामा गराउन हौसल्ला वढाए । विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी सँग प्रत्यक्ष फोन, म्यासेज वार्ता अभियान निरन्तर

चलाइरहेका छन् । १४ वर्षपछि जिल्लामा दरवन्दी मिलान, अपायक शिक्षकहरुलाई पायक, आयोगवाट उर्तिण शिक्षकहरुको नियुक्ति, दरवन्दी मिलान, पुनर्व्यवस्थापनमा रकम चलखेल, पार्टी खाने परम्परा जस्ता विकृतिको अन्त्य, समग्र शैक्षिक क्षेत्रका विकृति विसंगतिहरुको अन्त्य गरी चुनौतीलाई अवसरको रुपमा रुपान्तरण गर्न क्रियाशिल, संस्थागत विद्यालयहरुको शुल्क वृद्दि हुँदा ७ दिन भित्र फिर्ता लगायत शिक्षाको गुणस्तर सुधार्न उनले दर्जनौ उदाहरणीय काम गरेका छन् ।

## Integrity Idol Nepal २०१४, उत्कृष्ट पाँचमा पर्न सफल

**१. प्रेम बहादुर खड्का : प्रधानाध्यापक अरनीको उच्च मा.वी. , भक्तपुरका**



५८ बर्षीय प्रेम बहादुर खड्काले जिवनको ३५ बर्ष शिक्षा क्षेत्रमा समर्पीत गर्नुभएको छ । अरनीको उच्च मा.वी. भक्तपुरका प्रधानाध्यापक खड्काले सामुदायीक बिद्यालयको शैक्षिक गुणस्तर खस्किदै गईरहेको अवस्थामा, गुणस्तर उकास्न कमजोर बिद्यार्थीका निम्ती बर्षैभरी अतीरिक्त कक्षा सञ्चालन गर्ने, आर्थीक रुपमा कमजोर बिद्यार्थीका निम्ती छात्रबृत्तिको ब्यवस्था गर्ने, जस अन्तर्गत ३ जना बिद्यार्थीलाई कक्षा १२ सम्म निशुल्क शिक्षा प्रदान गर्ने, केहीलाई आफ्नै तर्फबाट ब्यक्तिगत सहयोग गर्ने जस्ता उदाहरणीय कार्यहरु गर्नुभएकोछ । ब्यक्तिगत स्वार्थ भन्दा माथी उठेर, सदा निष्ठाको लागी काम गर्ने खड्काले समुदायसंग सहकार्य गरी, आर्थीक रुपमा निम्न बर्गका छोराछोरीका निम्ति उच्च शिक्षा हाँसील गर्न सजीलो होस भन्नकालागी दश जोड दुई कक्षा सञ्चालन गर्ने परीकल्पनालाई मुर्त रुप दिनुभयो । सरकार अथवा कुनै पनि दातृ निकायको सहयोगको अपेक्षा नगरि स्थानिय स्तरमै रु. २ करोड भन्दा बढि श्रोत सृजना गरि स्थानिय स्तरमै उच्च शिक्षा सम्मको पहुँच सुनिश्चित गर्नु प्रसंशनिय छ । स्थानिय स्तरमा मात्रै नभई समग्र जिल्लामै उत्कृष्ट नतिजा ल्याउने केहि सिमित सार्वजनिक विद्यालय मध्यमा पार्नू पनि उल्लेख्य उपलब्धि हो । अझ महत्वपूर्ण कुरा, यस क्षेत्रका अभिभावकहरु आफ्ना बालबालिकालाई निजि विद्यालयबा निकाली सार्वजनिक विद्यालयमा भर्ना गर्न थालेका छन, जसले पुष्टि गर्छ यहाँको सार्वजनिक विद्यालय शिक्षाको गुणस्तार । "उल्लेख्य रकम खर्च गर्दा समेत गुणस्तरिय शिक्षा नपाउनु बिडम्बना हो, अनि केहि पैसा जोहो गर्न नसक्दा शिक्षा बाटै बञ्चित हुनु जस्तो दुर्भाग्य केहि हैन, म कम्तिमा आफ्नो गाउँमा यस्तो अवस्था नहोस भन्नका लागि दत्तचित्त छु", भन्छन् प्राचार्य खड्का । आफ्नो जिम्मेवारि प्रति सदैब जवाफदेह खड्का, आफ्नो कार्यकुशलता अनि नेतृत्वदायी क्षमताका लागि समग्र जिल्लामै विख्यात हुनुहुन्छ । आफ्नो कार्यप्रतिको निष्ठा अनि उपलब्धिहरुको कदर गर्दै नेपाल सरकारले शिक्षा सेवा पदक २०७१ द्वारा सम्मान गरेको छ ।

**२. पवन कुमार मण्डल : स्वास्थ्य सहायकका, सिन्धुली**



५० बर्षीय पवन कुमार मण्डल बिगत १६ बर्ष देखी स्वास्थ्य सहायकका रुपमा सरकारी सेवामा कार्यरत हुनुहुन्छ । सुरुवाती कार्यक्षेत्र कालिकोट भएपनि, १६ बर्षको अवधिमा देशका थुप्रै बिकट ग्रामीण क्षेत्रमा गएर, सामान्य स्वास्थ्य सेवाबाट बन्चित जनताहरुको सेवामा तल्लिन हुनुहुन्छ । उहाँ ठान्नुहुन्छ, "म जस्ता स्वास्थ्य कार्यकर्ताहरुको आवश्यकता दुर्गमका वासीन्दाहरुलाई छ, जो एक गोली सिटामोलको अभावमा अकालमै ज्यान गुमाउन बाध्य छन् । सुगम ठाउँमा त सुविधा सम्पन्न अस्पताल र डाक्टरहरु छँदैछन्" । यति भन्दै गर्दा, विभिन्न समस्याहरु लिएर आउने ग्रामीण भेगका जनता, गाउँमै उपचार पाएर

उज्यालो मुहार लिएर फर्कंदा जिवनको सबैभन्दा ठुलो उपलब्धि र खुसि नै त्यहि जस्तो लाग्छ भन्नुहुन्छ मण्डल । कार्यभार सम्हाल्दा लिएको सपथलाई मार्गदर्शन मान्ने मण्डल ताप्लेजुङ्गमा कार्यरत हुँदा उत्कृष्ट कर्मचारीबाट सम्मानीत हुनुभएको थियो । त्यसै गरी, कार्यसम्पादन मूल्याङ्कनको आधारमा, पूर्ण १०० अंक सहित, चार बर्ष लगातार जिल्लामै प्रथम हुनुभएका मण्डल भाषागत र सांस्कृतिक चुनौतिलाई पन्छाउदै सदा सेवाग्राहीप्रती उत्तरदायी हुनुहुन्छ । सामान्यतया होली पर्व बाहेक बिदामा नबस्ने मण्डल, सेवाको पुर्वार्धमा आफ्नो जन्मथलोलाई कर्मथलो बनाउन चाहनुहुन्छ ।

## ३. लीला भट्टराई : ग्रामीण महीला कार्यकर्ता, रुकुममा



हाल रुकुममा बालिकाशिक्षाको क्षेत्रमा कार्यरत ३३ बर्षीय लीला भट्टराईले आफ्नो सरकारी सेवाको सम्पुर्ण समय ग्रामीण तथा दुर्गम क्षेत्रमा बसेर काम गर्नुभएकोछ । ग्रामीण महीला कार्यकर्ता भएर काम गर्दा कहील्यै थकान महसुस नगर्ने भट्टराई समयको पर्वाह नगरी रातदिन आफ्नो जिम्मेवारीमा खटिएको कुरा उहाँका सहकर्मीहरु बताउनुहुन्छ । गाउँ गाउँ पुग्नुहुन्छ, महीलालाई सामुहीक बचत गर्न सीकाउनुहुन्छ, बालीकाहरुलाई बिद्यालय जाने हौसलादिनुहुन्छ र उमेर पुगेकालाई प्रौढ शिक्षा पढ्न प्रेरीत गर्नुहुन्छ । "अशिक्षा अनि अज्ञानताकै कारण महिला दिदीबहिनीहरुले भोग्नु परेको दुख, भेदभाव, हिंसा अनि अन्याय देख्दा नराम्रो लाग्छ" भन्ने लीला, सकुन्जेल सम्म ती दिदीबहिनीहरुलाई शिक्षित बनाउन, सशक्तिकरण गर्न र समाजमा हैसियत दिलाउन हरसंभव प्रयास गर्ने दृढता व्यक्त गर्नुहुन्छ । त्यसैले त, कार्यसम्पादन मुल्याङ्कन्मा १०० पुर्णाङ्कमा १०० नम्बर नै पाएको बताउनुहुन्छ उहाँकै कार्यालयकी बरीष्ठ अधिकृत रमा अधीकारी । यसै शिलशिलामा, हाल युएनएफपीएको सम्पर्क व्यक्ति समेत भएर बालीका शिक्षाको क्षेत्रमा काम गर्दा उहाँकै प्रयासमा तिन जना बिद्यालय छोडीसकेका बिद्यार्थी गत बर्षको एसएलसी परीक्षामा उतिर्ण हुन सफल भएका थिए । कार्यक्षेत्रमा मात्र हैन उहाँको निष्ठा, ईमानदारीता र जिम्मेवारी, व्यक्तिगत जिवनमा पनि लागुहुन्छ, सायद त्यसैले होला भट्टराईलाई समाजमा पनी उदाहरणीय महीलाको रुपमा हेरीन्छ । वहाँले समाजमा गर्नुभएको योगदान अनि कार्य प्रतिको निष्ठा र ईमान्दारिताको कदर स्वरुप स्थानिय तथा जिल्ला स्तरमा सरकारि तथा गैह्रसरकारि क्षेत्रबाट उत्कृष्ट कर्मचारिका रुपमा बारम्बार सम्मानित हुँदै आउनुभएको छ ।

## ४. भुवन कुमारी डंगोल : सह-प्राध्यापक, आई व एम,



२०४६ साल देखी शिक्षा क्षेत्रमा कार्यरत भुवन कुमारी डंगोल एकल प्रयासमा समुदायलाई सहभागी गराई, मेडिकल कलेज सञ्चान गर्न सफल पहिलो नेपाली महीला हुनुहुन्छ । आफ्नो जिम्मेवारीलाई सधै आत्मसाथ गर्ने डंगोल प्रशासनिक मान्यतालाई अक्षरसः पालना गर्ने भएकै कारण, धेरैले उहाँलाई कडा स्वभावको महीलाको संज्ञा पनी दिन्छन् । नेपाली चिकित्सा क्षेत्रमा रहेका अभाव हटाउन योगदान दिने उद्देश्य लिएर सेवा प्रवेश गरेकि डंगोल, अव्यबस्थित निति नियम अनि शिक्षा प्रणाली देखेर भने आजित हुनुहुन्छ, "शैक्षिक क्षेत्रको नेतृत्व गर्नुपर्ने हामी, विभिन्न समयमा विभिन्न किसिमका राजनितिक समस्याहरु झेल्नुपर्दा हाम्रो पुर्ण क्षमतामा कहिल्यै काम गर्न पाउँदैनौ । विगत २५ वर्षदेखि मैले देख्दै आएको यो अव्यवस्था अझै अन्त्य नभएको देख्दा सारै दुख लाग्छ " भन्नुहुन्छ डंगोल । गुणस्तरिय शिक्षाको आवश्यकता रहेको

अहिलेका यो प्रतिस्पर्धात्मक समयमा, शिक्षकहरुमा निरन्तर अध्ययन अनुसन्धानको अनुभव हुनुपर्छ, अनिमात्र गुणस्तरिय शिक्षा दिएर हाम्रा विद्यार्थीलाई प्रतिस्पर्धी बनाउन सकिन्छ भन्ने विश्वास राख्ने डंगोल, आफुलाई निखार्ने क्रममा अहिले नर्सिङ्ग विद्यामा पि.एच.डि. गर्दै हुनुहुन्छ । उहाँ कर्ममा विश्वास गर्नुहुन्छ, विद्यार्थीको भविश्यलाई आफ्नो प्राथमीकतामा राख्नुहुन्छ र जिम्मेवारीलाई आफ्नो कर्तब्य ठान्नुहुन्छ, त्यसैले त विद्यार्थीमाझ पनी उत्तीकै लोकप्रीय हुनुहुन्छ । डंगोलको सेवा समर्पणको कदर गर्दै वहाँलाई नेपाल सरकारका तर्फबात उत्कृष्ट शिक्षिका पदक २०६० र राष्ट्रिय शिक्षा पदक २०६४ द्वारा सम्मानित गरिएको थियो ।